आज मिति २०८१।०२।३२ गते (ने.स. ११४४ तछलाथ्व अष्ठमी) शुक्रबारका दिन वेलुकी ४:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को २१ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

आमन्त्रित सदस्य

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

# अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८१।०२।३२ गते

समय : दिनको ४:०० बजे

कार्यपालिका बैठक्को एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०२।२९ गते

मिति २०८१।०२।३२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. २ गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको सम्बन्धमा,

प्रस्ताव नं. ३ भू-उपयोग मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४ गाउँसभाको अधिवेशनको मिति र एजेण्डाहरु तोक्ने सम्बन्धमा,

प्रस्ताव नं. ५ गाउँपालिका भित्रको व्यवसायहरुलाई नियमन सम्बन्धमा,

प्रस्ताव नं. ६ कोसेली घर व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं. ७ गाडी भाडामा लिने सम्बन्धमा,

प्रस्ताव नं. ८ प्रभा मा.वि.को पूर्वाधार निर्माणको म्याद थप गर्ने सम्बन्धमा,

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा सवै निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा तपसिल बमोजिमको गाउँपालिकास्तरीय अनुगमन तथा मूल्याङ्कन समितिलाई यथावत् रुपमा आगामी आर्थिक बर्षको नै निरन्तरता दिने ।

क) उपाध्यक्ष, दिवा कुमारी तिलिजा पुन, - संयोजक
ख) कार्यपालिकाले मनोनयन गरेको निर्वाचित सदस्य : विष्णु कुमारी गर्बुजा , सदस्य
ग) कार्यपालिकाले मनोनयन गरेको निर्वाचित महिला सदस्य : आशा गुरुङ, सदस्य
घ) पुर्वाधार विकास शाखा प्रमुख : ई. इश्वर भण्डारी, सदस्य
ङ) योजना शाखा प्रमुख : हरिकृष्ण आचार्य, सदस्य-सचिव

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र नियमावली २०७९ अनुसार गाउँपालिकाले तयार गरेको स्थानीय भू-उपयोग योजना मापदण्ड स्वीकृत गर्ने ।

**निर्णय न. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा तपसिलका एजेण्डाहरु पेश गरी छलफल तथा पारित गर्न गाउँसभाको १९ औ अधिवेशन ( बजेट अधिवेशन) असार ८ गते आइतबार विहान ११:०० बजे आह्वान गर्ने।

तपसिल :

१) आर्थिक सर्वेक्षण, २०८१
२) आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम
३) आ. व. २०८१/८२ को बजेट तथा कार्यक्रम
४) विनियोजन विधेयक, २०८१
५) आर्थिक विधेयक, २०८१
६) न्यायिक समितिको प्रतिवेदन
७) विपद् व्यवस्थापन समितिको प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका ... कार्यालय

८)	अनुगमन समितिको प्रतिवेदन

९)	हाल सम्मको खर्च अनुमोदन

१०)	हाल सम्मको निर्णय अनुमोदन

११)	लेखा समितिको प्रतिवेदन

१२)	ऐनहरु/कार्यविधिहरु

१३)	विविध विषयवस्तु

**निर्णय न. ५**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायहरूलाई मर्यादित बनाउन सबै व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गर्न लगाउने र खाता खोल्ने कार्यमा वडाध्यक्षले समन्वय गर्ने ।

**निर्णय न. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा कोसेली घर व्यवस्थापन गर्न महिला उद्यमीहरुको भेलाबाट समिति गठन भएकाले  समितिको माग बमोजिम सामग्री व्यवस्थापन गर्ने ।

**निर्णय नं ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिकाको जटिल भौगोलिक बनावटको कारणले सवारी साधन नियमित रुपमा आवश्यक पर्दछ । त्यसकारण मिति २०७७।०४।१५ गते सूचना प्रकाशन गरी ग १ झ ७४३७ नं को बोलेरो जिप सवारी धनी योगेन्द्र पुनसंग नै सम्झौता गरी निरन्तर रुपमा भाडामा लिइएको बोलेरो जिपलाई हालको भाडा दरमा नै आगामी आ.व. २०८१/८२ को लागि पनि निरन्तरता दिने ।

**निर्णय न. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा नेपाल सरकारको विशेष अनुदानको लागि २ बर्षको लागि स्वीकृत प्रभा मा.वि.मा पूर्वाधार निर्माणको लागि जयलक्ष्मी-अभिनव जे.भी. बाग्लुङसंग मिति २०८१ जेठ समान्त सम्मको म्याद राखिएर सम्झौता गरिएको संघीय सरकारबाट पर्याप्त बजेट प्राप्त नहुँदा भुक्तानी गर्न समस्या भएकाले २०८१ असोज मसान्तसम्म म्याद थप गर्ने ।